# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## लौकही, सुनसरी

## १ नं. प्रदेश, नेपाल

मिति-२०७८/०६/२५ गते

---

विषय - हार्दिक अपिल ।

मिति २०७८/०६/२४ गते बिहानको समयमा जिल्ला प्रहरी कार्यालय सुनसरीको प्रहरी हिरासतमा भोक्राहा नरसिंह गाउँपालिका वडा नं.-५ का यूवा मोहम्मद हकिव मिया मृत अवस्थामा भेटिएको घटनाका कारणबाट सर्वसाधारण आवेशमा आई विभिन्न स्थानमा प्रदर्शनका साथै व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको क्षति भएको दुखद घटनाप्रति हामी सबैको ध्यानाकर्षण भएको छ ।

प्रहरी हिरासतमा मृत्यू भएका भोक्राहा नरसिंह गाउँपालिका वडा नं.-५ निवासी मोहम्मद हकिव मिया प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । घटनाको कानून सम्मत छानबिन तथा अनुसन्धान गरी सत्यतथ्य व्यहोरा सार्वजनिक गर्न, घटनाका क्रममा भएको क्षतिको राज्यबाट क्षतिपूर्तीको व्यवस्था गरियोस भन्दै नेपालीहरुको महत्वपूर्ण चाड दशैंको सम्मुखको समयमा सामाजिक सदभाव कायम राखि घटनाको निष्पक्ष छानबिनमा समेत सहयोग पुर्याईदिनुहुन कोशी गाउँबासी लगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

-------------------

ऐयूव अंसारी

**अध्यक्ष**